कोहलपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल
Google Plus Code
5MXQ+5CJ Kohalpur

प.सं.: २०८२/०८३(रोजगार सेवा केन्द्र)
च.नं.: १८१८

मिति : २०८२/१२/३

## निशुल्क तालिममा सहभागी हुने सम्बन्धी सूचना।

प्रस्तुत विषयमा पोखरा भ्याली टेक्निकल ट्रेनिङ्ग इन्स्टिच्युट प्रा.लि.को मिति २०८२/१२/०३ मा प्राप्त पत्रानुसार उक्त इन्स्टिच्युट प्रा.लि.को आयोजनामा मिति २०८३/०१/२५ देखि पोखरामा संचालन हुने देहाय बमोजिमको निशुल्क सीप मुलक तालिममा बैदेशिक रोजगार तथा स्वदेशमा रोजगार र उद्यमी बन्न चाहने बेरोजगार यूवाले मिति २०८३/०१/२० सम्ममा नाम दर्ता गरी सहभागी हुन यो सूचना प्रकाशन गरिएको छ।

### तालिमको विषय र समयावधि

| क्र.स. | विषय | अवधि | सहभागी उमेर | शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|---|
| १. | सिकर्मी र सटरिङ्ग | ४ महिना | १७-४० वर्ष भित्रका | साधारण लेखपढ | १० जना |
| २. | डकर्मी ,प्लम्बर र स्टिल फिक्चर्स | ४ महिना | | | १० जना |
| ३. | इलेक्ट्रोनिक तथा मोबाईल मर्मत | ४ महिना | १७-२७ वर्ष भित्रका | ८ कक्षा उतिर्ण | २ जना |
| ४. | वेशिक र एडभान्स इलेक्ट्रिकल | ६ महिना | | | २ जना |

### आवश्यक कागजात

१. नेपाली नागरिकताको प्रतिलिपी
२. पासपोर्ट साइजको फोटो
३. शैक्षिक प्रमाण पत्रको प्रतिलिपी
४. अभिभावक मन्जुरी नामा र सम्झौता पत्र
५. धरौटी रकम फिर्ता हुने गरी रु ५००० मात्र

### तालिमका सुबिधाहरु

१. तालिम पूर्ण रुपमा निशुल्क
२. खाना तथा बस्न निशुल्क व्यवस्था
३. प्रतेक महिना रु १००० निर्वाह भत्ता दिईने
४. आउने र जाने वस भाडा (एक पटक) को व्यवस्था

नोट : तालिम पुरा भई सकेपछि बैदेशिक रोजगार तथा स्वदेशमा रोजगारको व्यवस्था रहेको व्यहोरा उल्लेख रहेको छ।

मान बहादुर गिरी
प्रमुख प्रशासकीय अधिकृत

info@kohalpurmun.gov.np, esc@kohalpurmun.gov.np
+९७७-०८१-५४०००९
www.kohalpurmun.gov.np
www.facebook.com/kohalpurmun
www.twitter.com/kohalpurmun

CamScanner

Govt. Regd. No.: 187786/074/075

PVTTI

# POKHARA VALLEY
## TECHNICAL TRAINING INSTITUTE PVT. LTD.

(Affiliated with CTEVT)
Pokhara-11 Ranipauwa
Kaski, Nepal
Tel: +977-61-522569, 9856031569
Email: cospnibl@gmail.com

मिति :- २०८२/१२/०२

श्री नगरपालिका प्रमुख ज्यु
कोहलपुर नगरपालिकाको कार्यलय
बाँके, नेपाल

विषय :- निःशुल्क तालीम मा सहभागी छनोट गरी पठाई दिने सम्वन्धमा ।

महोदय,

प्रस्तुत विषयमा यस पोखरा भ्याली टेक्निकल ट्रेनिङ्ग इन्स्टिच्युट प्रा.ली मा विभिन्न विषयमा निःशुल्क खाना बस्न सहितको विभिन्न सीप मुलक तालीम संचालन गरीरहेको व्यहोरा अवगत गराउदै यस आ.व २०८२/८३ को तेस्रो समूह संचालन हुने हुदाँ यस स्थानीय तहका विभिन्न वडा मा रहेका युवा वैदेशीक रोजगार तथा स्वदेशमा रोजगारि र उधमी वन्न चाहाने बेरोजगार युवा लाई तपशिल का तालीम मा समावेश गराई दिनु हुन अनुरोध साथ यो पत्र पठाईएको व्यहोरा जानकारी गराउदछौं ।

**तपशिल तालीमका विषय र समयअवधि**

| कस | तालीम विषय | अवधि | सहभागी उमेर | शैक्षीक योग्यता | कैफियत |
|---|---|---|---|---|---|
| १ | सिकर्मी र सटरिङ्ग | ४ महिना | १७ - ४० वर्ष भित्रका | साधारण लेखपढ | १० जना |
| २ | डकमी प्लम्वर र स्टिल फिक्चर | ४ महिना | | | १० जना |
| ३ | इलेक्टोनिक तथा मोवाईल मर्मत | ४ महिना | १७ - २७ वर्ष भित्रका | ८कक्षा उत्तीर्ण | २ जना |
| ४ | वेशिक र एडभान्स इलेक्टीकल | ६ महिना | | | २ जना |

- **आवस्यक कागज पत्रहरु**

१) नेपाली नागरिक्ता प्रतिलिपि ...१, २) पासपोट साईज को फाटो......२, ३) शैक्षीक प्रमाण पत्र प्रतिलिपी....१, ४) अभिभावक मन्जुरी नामा र सम्झौता पत्र........१, ५) धरौटी रकम फिर्ता हुने गरी रु ५००० मात्र

- **तालीम मा सुविधाहरु**

१) तालीम पूर्ण रुपमा निशूल्क
२) खाना तथा वस्न निशूल्क व्यावस्था
३) प्रतेक महिना रु १००० निर्भाहा भत्ता पाउने
४) आउने र जाने बस भाडा (एक पटक) को व्यवस्था

- तालीम सहभागी दर्ता मिति : २०८३/०१/२० भित्रमा र तालीम संचालन मिति : २०८३/०१/२५ देखी
- **नोट: तालिम पुरा भइ सके पछि वैदेशिक रोजगार तथा स्वदेश मा रोजगार को व्यवस्था रहेको व्यहोरा जानकारी गराउदछौ ।**

**सर्म्पक कार्यलय**

पोखरा भ्याली टेक्निकल टेनिङ्ग इन्स्टिच्युट प्रा.ली
पोखरा-११, रानीपौवा, फोन :०६१-५७२५६९, ९८५६०३१५६९, ९७६६१३३५१८
Email :&Whatsapp No : ९८०५१३४४२२

ब्यावस्थापक
विस्णु प्रसाद लामिछाने

बोदार्थ: १) सम्वन्धित पालिका कार्यलयको वडा अध्यक्ष ज्यु
२) सम्बन्धित पालिका को रोजगार संयोजक ज्यु

कोहलपुर नगरपालिका
दर्ता नं ........
मिति ........
सही ........

## पोखरा भ्याली टेक्निकल ट्रेनिङ इन्स्टिच्युट प्रा.ली (PVTTI) र तालिममा सहभागीको लागि सम्झौता पत्र ।

पोखरा भ्याली टेक्निकल ट्रेनिङ इन्स्टिच्युट प्रा.ली ले संचालन गर्ने विभिन्न विषयका सिपमुलक तालिम विभिन्न स्पोनसर(डोनर वेश) तथा (फि वेश) शुल्क तिरेर संचालीत तालिम ........................................................(तालिमको विषय) लागि पोखरा भ्याली टेक्निकल ट्रेनिङ इन्स्टिच्युट प्रा.ली (PVTTI) (यस पछि प्रथम पक्ष भनिने र तालिमा सहभागी म श्री.........................................को छोरा..................................................................निवासी श्री.......................................................... (यस पछि दोस्रो पक्ष भनिने) विच तल उल्लेखित बुदाहरु पालना गर्ने गरी सम्झौता भएको छ ।

### प्रथम पक्षको जिम्मेवारी

- प्राबिधिक शिक्षा तथा ब्यावासयिक तालिम परिषद (CTEVT) तथा सम्बन्धीत स्पोन्सरले निर्माण गरेको पाठ्क्रम अनुसारको निशुल्क तालिम संचालन गराउने छौ ।
- तालिमको स्थान पोखरा महानगरपालिका वडा न.११ रानीपौवा,कास्की स्थीत (PVTTI) को तालिमहलमा हुनेछ ।
- तालिमको अवधि भर खाने बस्ने सुविधा निशुल्क व्यावस्था गरिने छ ।
- तालिम मा सहभागीहरु लाई तालिम स्पोनसर/संघ/संस्था/कार्यलय को नियम अनुसारको यातायात खर्च, मासिक पकेट खर्च युनिर्फम आदि सुविधा नि-सर्थ उपलव्ध गराईने छ ।
- तालिम अवधि भर को लागि दुर्घटना बिमा गरिने छ ।
- तालिमको सम्पुर्ण कोर्ष पुरा भए पछि मात्र सहभागिले राखेको धरौटि रकम तथा प्रमाण पत्र वितरण गरिने छ ।
- तालिम को सम्पुर्ण कोर्ष पुरा नभएमा धरौटि रकम तथा प्रमाण पत्र उपलब्ध गराइने छैन ।

### दोस्रो पक्षको जिम्मेवारी

- यस तालिमा सकिय रुपमा भाग लिई सम्पुर्ण कोर्षलाई पुरा गनुपर्ने छ । यदि पुरा नगरेमा वाकी तालिमको शुल्क PVTTI लाई भुक्तानी गर्नु पर्ने छ ।
- PVTTI र तालिम सहभागी विचको समझदारीमा बनेको समय तालिका तथा निति नियमहरु लाई पुर्ण रुपमा पालाना गनुपर्ने छ ।

CamScanner

- PVTTI ले निर्धारण गरेको होस्टेल को नियम निति पुर्ण पालाना गर्नुपर्ने छ । यदि सो निति नियम पालना नगरेमा होस्टेल बाट निस्कासन वा तालिम बाट समेत निस्कासन भएमा बाँकि होस्टेल र तालिमको शुल्क PVTTI लाई भुक्तानी गर्नु पर्ने छ ।
- यस तालिम अवधिभर कुनै पनि नसालु पदार्थ (रक्सि, गाजा,) सेवन गर्ने तथा गराउन पाइने छैन ।
- तालिम अवधिमा दुर्घाटना बाहेक कुनै प्रकार को दु:ख बिमारी भएमा सहभागि ले नै उपचार खर्च व्यहोन पर्ने छ ।
- तालिम सम्पन्न भएपछि उक्त सिपको प्रयोग गरि रोजगार स्वरोजगार वा व्यावसाय गनुपर्ने छ । उक्त जानकारी PVTTI लाई उपलब्ध गराउनु पर्ने छ ।
- तालिम अबधिमा आफुले तालिम संग सम्वन्धी औजार उपकरण समुहमा रहेको औजार उपकरण स्टोर लाई बुझाउनु पर्नेछ ।
- पर्खाल तथा गेट बाट फिटकिएर गएको खण्डमा सहभागिलाई केही दुर्घाटना भएमा Insurance गरिने छैन ।
- PVTTI तथा अन्य संघ/संस्था/कार्यलय संगको समझदारी अनुसार पनि निति नियम पालना गर्नु पर्ने छ ।
- घरमा अति आवश्यक काम बाहेक अन्य कामको लागि बिदा दिइने छैन ।
- यो सहमती तालिम अवधिको लागि मात्र हुनेछ , यसमा समावेश नभएका बुदाहरु आपसी सहमतीमा गरिने छ ।

माथि उल्लेखीत सम्पुर्ण सर्त तथा वन्देजहरु बुझियो यस लाई पुर्ण पालना गरी तालिम कोर्ष पुरा गरिने छ भनि राजीखुशी साथ यस सम्झौता पत्रमा हस्ताक्षर गरेको छु । उक्त सम्झौता नेपाल सरकार को एन कानुन संग बाझिएमा नेपाल सरकार को नियम कानुन मान्य हुनेछ । यस सम्झौता पत्रको आधार मानी सम्पुर्ण कानुनी कारवाही व्यहोंने छौ ।

| सहभागीकर्ता | साची (अभिभावक) | संस्थाको तर्फवाट |
|---|---|---|
| ................ | ......................... | ............................ |
| नाम: | नाम: | नाम: |
| ठेगाना: | सम्पर्क नम्वर: | पद: |
| सम्पर्क नम्वर: | नाता : | छाप: |
| मिति : | मिति : | |

CamScanner